स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक






राष्ट्रिय दलित आयोगको जातीय अनुसूचीमा विश्वकर्मा जातिलाई "कामी" भनेर उल्लेख गरिएको छ । तर, यही समुदायका कतिपयले "कामी" शब्दलाई अपमानजनक मान्ने गरेका छन् । यो शब्दलाई लिएर बेला बखतमा ठूलै बहस पनि हुने गरेको छ । २०७७ सालमा "कामी" शब्दले विश्वकर्मा जातिलाई अपमान गरेको भन्दै यसको खारेजीको मागसहित सर्वोच्च अदालतमा मुद्दा समेत परेको थियो । तर, दलित (विश्वकर्मा) समुदायबाट प्रतिनिधित्व गर्ने गायक प्रकाश सपूतले भने आफ्नो निर्देशनमा बनेको पहिलो फिल्म "वसन्त"मा "कामी" शब्द प्रयोग गरेका छन् ।

**आजको विचार...**



कसरी ...
(दुई पेजमा)

जनकराज पन्त

फिल्मको छायांकन सुरु नहुँदासम्म कलाकार भित्रने र बाहिरिने क्रम जारी रहन्छ । एक हिसाबले यो सामान्य हो । तर, भित्रनेभन्दा बाहिरिनेको सवालमा अक्सर एउटा प्रश्न उठ्ने गर्छ- "टिमभित्र उत्पन्न मनमुटाव वा असमझदारीका कारण बाहिरिने अवस्था आएको त होइन ?" किनकि, धेरैजसो फिल्मबाट कलाकारहरु छायांकनको संघारमा बाहिरिनुको पछाडि यही कारण मुख्य हुने गरेको छ । यतिबेला फिल्म "महाभोज"बाट अभिनेत्री मिरुना मगर अलगिएको खबर छ । यसको पुष्टि निर्देशक दिनेश राउत स्वयंले गरेका छन् ।


❐ वर्ष ३० ❐ अंक १७१ ❐ २०८१ पौष २९ गते सोमबार 13 January 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु



**पाल्पा,** पौष २८/जिल्लाको तानसेनमा गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । तानसेन नगरपालिका-११, सामाकोटस्थित पाल्पा-गुल्मी सडकखण्डमा फोर्स गाडीको ठक्करबाट ४६ वर्षीया सीता गहतराजको शनिबार राति मृत्यु भएको हो । बुटवलबाट गुल्मीतर्फ जाँदै गरेको लु २ ख ५६१८ नम्बरको फोर्स गाडीले सडकमा पैदल हिँडिरहेका बेला गहतराजलाई ठक्कर दिएको थियो । गाडीको ठक्करबाट गम्भीर घाइते भएकी गहतराजलाई उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रभासमा लगिएकोमा चेकजाँच पछि डाक्टरले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दीप बेल्बासेले जानकारी दिए । उनका अनुसार गाडी र चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको छ ।

### बाघको आक्रमणमा महिलाको मृत्यु

**गुलरिया (बर्दिया),** पौष २८/ बाघको आक्रमणमा परी एक महिलाको मृत्यु भएको छ । बर्दिया राष्ट्रिय निकुञ्जका अनुसार ठाकुरबाबा नगरपालिका-७ निवासी ५० वर्षीया पदमकला थापाको मृत्यु भएको हो । ठाकुरबाबा नगर पालिका-६ को बकुवा सामुदायिक वनमा गोठालो गएका बेला उहाँ बाघको आक्रमणमा पर्नुभएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोककुमार रामले बताए । *-रासस*

## बगनासकाली गाउँ सभाको १७ औं अधिवेशन

# दुई विधेयकसहित नौं विषयगत प्रतिवेदन पारित

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पौष २८/जिल्लाको बगनासकाली गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशन विभिन्न विधेयक तथा विषयगत वार्षिक प्रतिवेदनहरू पारित गर्दै सकिएको छ । नेपालको संविधानमा व्यवस्था भए अनुरुप संसदीय अभ्यासका साथ आइतबार गाउँसभाको अधिवेशन सकिएको हो ।

हिउँदे अधिवेशनको रुपमा हेरिएको गाउँसभाले दुईवटा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी विधेयक, २०८१ र विनयोजन विधेयक २०८१ (वार्षिक बजेट तथा कार्यक्रम) को पहिलो संशोधन सर्वसम्मत रुपमा पारित गरेको छ । सभामा उपाध्यक्ष हरि प्रसाद पाठकले छलफलका लागि प्रस्तुत गरेको विनयोजन विधेयक २०८१ को पहिलो संशोधन सर्वसम्मत रुपमा पारित भएको सभाका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष सरस्वती चिदीले घोषणा गरिन् । पारित भएको संशोधन विधेयकमा आर्थिक वर्ष २०८१/०८२ को लागि गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यका निम्ति अनुसूची -१ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी ५६ करोड ९९ लाख २ हजार मात्र नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने उल्लेख गरिएको छ । त्यस्तै गाउँसभामा विधेयक समितिका संयोजक उमकला अर्यालले सभामा छलफलका लागि प्रस्तुत गरेको गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी विधेयक, २०८१ पनि सर्वसम्मत रुपमा पारित भएको सभाका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष चिदीले घोषणा गरिन् । यस्तै सभामा



पेश भएका विभिन्न ९ वटा विषयगत वार्षिक प्रतिवेदन समेत सर्वसम्मत रुपमा पारित भए । विधेयक समितिका संयोजक उमकला अर्यालले सभामा पेशको गरेको विधेयक समितिको वार्षिक प्रतिवेदन, न्यायिक समिति तथा राजस्व परामर्श समितिका संयोजक हरि प्रसाद पाठकले प्रस्तुत गरेको न्यायिक समिति र राजस्व परामर्श समितिको वार्षिक प्रतिवेदन, लेखा समितिका संयोजक कृष्ण बस्यालले प्रस्तुत गरेको लेखा समितिको वार्षिक प्रतिवेदन पनि सर्वसम्मत रुपमा पारित भएका छन् । यस्तै आर्थिक विकास समितिका संयोजक खुमादेवी भट्टराईले प्रस्तुत गरेको आर्थिक विकास समीतिको वार्षिक प्रतिवेदन, सामाजिक विकास समितिका संयोजक गीता रेग्मीले प्रस्तुत गरेको सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन, पूर्वधार विकास समितिका संयोजक तेजप्रसाद रसालीले प्रस्तुत गरेको पूर्वधार विकास समितिको वार्षिक प्रतिवेदन, वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक बोमलाल सुनारले प्रस्तुत गरेको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, सुशासन तथा क्षमता विकास समितिका संयोजक बसन्ती थापाले प्रस्तुत गरेको सुशासन तथा क्षमता विकास समितिको वार्षिक प्रतिवेदन समेत सर्वसम्मत रुपमा पारित भएका सभा अध्यक्ष चिदीले घोषणा गरिन् । सभामा नगर सभा सदस्यहरु टिका बहादुर थापा, यमलाल तिमिल्सेना, कृष्ण बस्याल, खड्काबहादुर गाहा लगायतले विधेयक र विषयगत समितिका प्रतिवेदन माथि टिकाटिप्पणी गरेका थिए । उठेका टिप्पणी र जिज्ञासा माथि सभाध्यक्ष सरस्वती चिदी र उपाध्यक्ष हरिप्रसाद पाठकले सम्बोधन गर्दै छुटेका र भएका त्रुटिहरु आगामी दिनहरुमा सच्याएर जाने बताए । सभा गाउँपालिका अध्यक्ष चिदीको अध्यक्षता र सभाका सचिव एवं प्रमुख प्रशासकिय अधिकृत खेमराज छिनालको सञ्चालनमा भएको थियो । सोही अवसरमा पालिकाले उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई सम्मान समेत गरेको छ । जसमा स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारी, सामाजिक सुरक्षा शाखा प्रमुख भोजराज भट्टराई, चापपानी स्वास्थ्य शाखा प्रमुख सिर्जना चापागाइँ, रोजगार शाखा प्रमुख सरिता अधिकारी, वडा २ का सहायक सोनु खड्का, वडा ४ का प्राविधिक अमर खाम्चा, वडा नं. ९ का कार्यालय सहयोगी यज्ञप्रसाद बस्याल सम्मानित भएका हुन् ।

# आजदेखि स्वस्थानी ब्रत सुरु, यस्तो छ महिमा

**सीमा भट्टराई**

**पाल्पा, पौष २८**/श्री स्वस्थानी व्रतकथा सुरु भएको छ । प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना विधिपूर्वक गरिने स्वस्थानी व्रत एवं माघस्नान सोमबार अर्थात् आजदेखि सुरु भएको हो । स्वस्थानीको आजदेखि घर-घरमा पूजा र व्रत बसी यो पर्व मनाउन लागिएको छ । नेपाली हिन्दू धर्मावलम्बी महिलाहरुले एक महिनासम्म स्वस्थानी व्रत र माघ स्नान गर्छन् ।

पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना स्वस्थानी व्रत र माघ स्नान गरिन्छ । पौष शुक्ल चतुर्दशीको दिन हात गोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिएर यसको शुरुआत हुन्छ । बिहान माघ स्नान गरी नित्य मध्याह्नकालमा महादेवको पूजा गरिन्छ ।

बेलुकी स्कन्द पुराणको केदार खण्ड अन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुन्ने सुनाउने परम्परा छ । व्रत बस्ने प्रत्येक महिलाले महिनाभरि नुहाई मध्याह्न श्रीस्वस्थानीको पूजा गरी एक छाक खाएर बसेका खण्डमा पुण्य मिल्ने तथा मनोकांक्षा पूरा हुने विश्वास



सदियौँदेखि चल्दै आएको छ । एक महिनाभर प्रत्येक दिन बेलुका हिन्दूधर्मावलम्बीहरूले घर-घरमा श्री स्वस्थानीको कथा वाचन तथा श्रवण गर्ने गर्दछन् । एक महिनासम्म यो विधिबाट व्रत गरी माघ शुक्ल पूर्णिमाका दिन १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मित छोरालाई एवं मित छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि छ । सय रोटी व्रतालु आफैँले फलाहार गरी रातमा जाग्राम बसिन्छ । जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ । यसो गरेमा व्रतालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ । आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो ।


...**बाँकी अन्तिम पेजमा**





पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वस्थानीको सामाजिक महत्व

**नेपाली समाजमा स्वस्थानीको महिमा महत्वपूर्ण रहेको छ । यस वर्षको स्वस्थानी व्रतकथा तथा माघ स्नान आजदेखि शुरु भएको छ । माघ शुक्ल पूर्णिमासम्म हिन्दू धर्मावलम्बीहरुले चोखो बसी घरमा स्वस्थानीको पूजा-आराधना गर्नुका साथै कथा सुन्ने र सुनाउने चलन छ । नेपाली महिलाहरुले लिने व्रतभन्दा पनि अलि कठिन व्रतको रुपमा यसलाई लिइन्छ । थुप्रै धार्मिक र सामाजिक महत्व बोकेको यस स्वस्थानीको व्रत सत्य युगमा हिमालयकी छोरी पार्वतीले महादेव पति पाउ भनेर १ छाक खाएर निकै कस्टका साथ व्रत बसेको र व्रत पश्चात् आफ्नो मनोकामना पूरा भएको जनविश्वास पाइन्छ । साथै अर्को सामाजिक पाटोलाई हेर्ने हो भने गोमा ब्राह्मणीको कथाले प्राचिन समयमा पनि बालबालिकाहरुका नराम्रा असरहरु प्रस्तुत गर्दै बालबालिका बारे जनतचेतना फैलाएको छ । यसले संसारको श्रृष्टी अनि शिव पार्वती सम्बन्धका कुराहरु मार्फत धेरै ठाउँमा नारी पुरुषबीचको लैङ्गिक समानताको वकालत पनि गरेको छ ।**

**स्वस्थानी महात्म्यको पूर्वभागमा दक्षप्रजापतिकी पुत्री सतीदेवीको विष्णुको सहयोगमा महादेवको साथमा विवाह भएको र दक्षप्रजापतिले आफ्ना पति शिवको निन्दा गरेको सहन नसकी सतीदेवीले प्राण त्याग गरेको प्रसंग आउँछ । मध्यभागतिर भने हिमालय पर्वतकी पुत्री पार्वतीको रुपमा पुनर्जीवन लिएकी सतीदेवीले स्वस्थानीको व्रत गरेको प्रभावले महादेवलाई नै पतिको रुपमा प्राप्त गरेको प्रसंग आउँछ । स्वस्थानी व्रतकथाको अन्तिम अध्यायमा गोमा ब्राह्मणीले आफ्ना दुई बुहारी चन्द्रावती र लावण्यवतीलाई विभिन्न उपदेश गरी ढुकुटीको साँचो हस्तान्तरण गरेको प्रसंगबाट हाम्रो समाजमा पनि नयाँ पुस्तालाई मौका दिइनुपर्ने सन्देश पाइन्छ । काम र उमेरले पाका भएका व्यक्तिहरूको सम्मान गर्दै उनीहरुले सिकाएको पाठलाई शिरोधार्य गरे मात्र स्वस्थ समाज बन्ने दृष्टान्त पनि स्वस्थानी महात्म्यले दिन खोजेको छ । यसर्थ पनि नेपाली समाजमा स्वस्थानीको महिमा अत्यन्त महत्वपूर्ण मान्न सकिन्छ ।**

### Opinion @ Social Network

परिस्थिति जस्तोसुकै होस्, भगवानले मलाई सधैँ मुस्कुराउने आशीर्वाद दिनुभएको छ।

***सबिना विश्वकर्माको फेसबुकबाट*** *;https://www.facebook.com/reel/11576*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**

भगवतीटोल तानसेन, पाल्पा

# कसरी सुधार्ने सामुदायिक स्कुलको शैक्षिक गुणस्तर ?



जनकराज पन्त

केही वर्षअघि म ललितपुरमा मेरो छिमेकमा रहेको एउटा सामुदायिक (सरकारी अनुदान र सुविधा प्राप्त) स्कुलमा पसेको थिएँ । त्यस स्कुलको शिक्षक कक्ष नजिकै एउटा साइन बोर्डमा गरिबहरूका लागि गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता लेखिएको देखें । त्यस वाक्यांशले गरिब बालबालिकाको शैक्षिक गुणस्तर उनीहरूका धनी साथीहरूभन्दा निम्नस्तरको भएको कुरा सगौरव पुष्टि गर्थ्यो । विगत केही दशकदेखि सामुदायिक स्कुल प्रतिको आकर्षण क्रमिक रूपमा घट्दै गएको छ। सार्वजनिक शिक्षामा सामुदायिक विद्यालय अन्तिम तथा कमसल विकल्प बन्दै गएको छ । यस परिवेशमा यो लेखमा नेपालको विद्यमान चुनौती र समाधानका सम्भावित प्रयासबारे विश्लेषण गर्ने प्रयास गरेको छु । नेपालले पछिल्लो सात दशकमा साक्षरताको क्षेत्रमा ठूलो फड्को मारेको छ। लगभग दुई प्रतिशतमा रहेको साक्षरता दर आज ८० प्रतिशतको नजिक पुगेको छ । तैपनि शिक्षामा विभेद कम हुन सकेको छैन । शिक्षा बढ्दो विभेद र सामुदायिक स्कुलको खस्किँदो शैक्षिक गुणस्तरले ७० वर्षमा नेपालले शिक्षामा गरेको प्रगति धमिलो बनाइदिएको छ । सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्नु आजको मुख्य काम हो। यो कामका लागि हामीसँग उपलब्ध अवसर, सुधारका उपाय र चुनौतीहरू पहिल्याउनु आवश्यक छ।केही समस्याको चर्चा गरौं ।

**असमानता र असंवैधानिक व्यापारीकरण :**

२०४६ सालपछि शिक्षामा निजीकरण तीव्र रूपमा अघि बढ्यो। यस्तो निजीकरणसँगै सरकारी विद्यालयको गुणस्तर र आमजनताको विश्वास दुवैमा गिरावट आउने क्रम पनि बढ्दो छ । निजी स्कुल धनीका छोराछोरी पढ्ने सरंक्षित संस्था भएका छन् । निजी स्कुल गरिबका लागि प्रायोजित सार्वजनिक विद्यालयभन्दा फरक छ । यी दुवैमा शिक्षा पनि फरक छ । शिक्षामा वस्तुकरण (कमोडिफिकेसन) चरम अवस्थामा पुगेको छ । अब महँगो ब्रान्डको लुगा लगाउनु र गुणस्तरीय शिक्षाका लागि छोराछोरी महँगो स्कुलमा भर्ना गर्नु उस्तै भएको छ । सामुदायिक स्कुलमा पढ्नु र सिकाइ कमजोर हुनु आपसमा पर्याय भएको छ । सार्वजनिक स्कुलका बालबालिकाको मनमा आफूहरू निजी स्कुलका विद्यार्थीभन्दा कमजोर हौं भन्ने परेको छ । उनीहरू यसरी सोच्न बाध्य बनाइएका छन्, नजानिँदो तरिकाले विद्यार्थी र अभिभावक दुवैमा लघुताभासको जरो गाडिँदै छ । सम्भवत: सामुदायिक स्कुलका विद्यार्थीहरूमध्ये धेरैलाई आफू उत्कृष्ट हुँदाहुँदै पनि तुलनात्मक रूपले निजी स्कुलमा पढेको समकक्षी भन्दा कमजोर छु भन्ने भ्रम परेको छ । भविष्यमा पेसागत जीवनमा पनि यस्तो भ्रमबाट मुक्त हुन गाह्रो पर्न सक्छ । शिक्षामा यस्तो द्वैध प्रणाली कायम गर्नु मानव अधिकारको विरूद्धमा छ, हाम्रो संविधानको परिकल्पनाभन्दा बाहिर छ । मानव अधिकारको पैरवी गर्ने निकाय र संस्थाहरूले यो पाटो देख्न सकेकै छैनन्। अझै पनि हाम्रो मानव अधिकारको मानक उत्पीडन र सुरक्षाको सवालभन्दा माथि उठ्न सकेको छैन ।

**सार्वजनिक शिक्षाको खस्किँदो गुणस्तर :**

शिक्षाको गुणस्तर कमजोर हुनुमा अनेक कारण हुन्छ। नेपालमा भने मूल कारण जबाफदेयिताको अभाव हो । नेपालको संविधानले 'आधारभूत शिक्षा' अनिवार्य र नि:शुल्क हुनेछ भन्ने 'आधारभूत अधिकार' मानेको छ तर अझै पनि कतिपय बालबालिका स्कुलबाहिर छन् । सामुदायिक स्कुलमा हुने सिकाइमा विश्वास नभएपछि अभिभावकहरू आफ्ना छोराछोरी निजी स्कुलमा भर्ना गराउन बाध्य छन् । सामान्यतया अपवादबाहेक आर्थिक रूपमा निकै कमजोर अभिभावक मात्र छोराछोरीलाई सामुदायिक स्कुलमा पढाउँछन् । विद्यालय शिक्षामा यो अवस्थाले चरम विभेद देखाउँछ। यो अवस्थाले हाम्रो संविधानले परिकल्पना गरेको 'समाजवाद उन्मुख राज्य' का लागि आधार प्रदान गर्दैन। सरकारले शिक्षामा दायित्व पूरा गरेको देखिँदैन । दीर्घकालीन महत्त्वका ससाना पक्षमा पनि सरकारको जबाफदेयिता प्रस्ट छैन । शिक्षकको क्षमता अभिवृद्धिमा सरकारको ध्यान छैन । एसइई ( विद्यालय शिक्षा परीक्षा) को नतिजा निराशाजनक छ । अक्षरांकन मूल्यांकन पद्धतिले केही सुधार देखिए पनि सिकाइ गुणस्तर सुधार भएको लक्षण देखिएको छैन । परीक्षाको नतिजा शिक्षण गुणस्तर, शैक्षिक सामग्री प्रयोग, विद्यालयको भौतिक अवस्था, सामाजिक परिवेश लगायतमा भर पर्छ । यी अवस्थाहरू ठिकठाक राख्न सरकारले कति प्रयास गरेको छ भन्ने प्रश्न निकै महत्त्वपूर्ण हुन्छ । राजनीतिक हस्तक्षेप अर्को पाटो हो। प्रधानाध्यापक नियुक्ति र विद्यालय व्यवस्थापन समिति गठनमा चरम राजनीतिक हस्तक्षेप हुने गरेको छ। सामान्यतया यसको प्रभाव नकारात्मक नै देखिएको छ । जबाफदेयिताको सूची जति तन्कायो, त्यति नै लामो हुन्छ । मन्त्रालय र विभाग आफ्नै योजनाप्रति जबाफहीन छन् । शिक्षा योजना, शिक्षा नीति र पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य कति हासिल भयो भन्ने पक्षमा कहिल्यै पनि खुला छलफल भएको छैन।

स्रोत जति संघमा थुप्रेको छ। संघ, प्रदेश र स्थानीय तहमा आपसी समन्वयको अभाव छ । यसतर्फ सरकारको ध्यान पुगेको छैन । शिक्षक दरबन्दीमा वर्षौंदेखि तदर्थ व्यवस्था छ । सरकार दरबन्दी दिँदैन, 'राहत' शिक्षक खटाउँछ।

**सुधारका सम्भावना र प्राथमिकताहरू :**

विविध समस्या र कमजोरीका बीच पनि शिक्षा सुधारमा अनुकूल परिस्थितिहरू छन्। सम्भावनाहरूको पहिचान, तदनुकूल कार्ययोजना र कार्यान्वयन आजको प्राथमिकता हुनुपर्छ । आम रूपमा अहिलेका शिक्षकहरू विगतका भन्दा योग्य छन्। विद्यालयप्रति अभिभावकहरूको चासो बढेको छ। स्थानीय तहमा स्रोतसाधन पहिलेभन्दा सहज हुँदै गएको छ । सूचना प्रविधिले खोज र अनुसन्धान तुलनात्मक रूपमा सहज बनाएको छ, विश्वभरिका असल अभ्यासहरूबाट सिक्ने अवसर उपलब्ध छ। यी अवसरहरूको प्रभावकारी उपयोगका लागि केही आधारभूत सुधारहरू आवश्यक छ । अब सुधारका केही आधारभूत उपायहरूको चर्चा गरौं ।

**दलीय हस्तक्षेप अन्त्य :**

शिक्षा क्षेत्रलाई दलीय हस्तक्षेपबाट अलग राख्नुपर्छ। यसनिम्ति सबै दलको व्यावहारिक प्रतिबद्धता चाहिन्छ। शिक्षा क्षेत्रको नीति र निर्णयमा दलीय स्वार्थ हाबी हुनु हुँदैन । योजना र नीति कार्यान्वयनमा शिक्षा मन्त्रालय, सम्बद्ध सबै निकाय र सरोकारवाला सबै पक्षको प्रतिबद्धता चाहिन्छ। यसको अर्थ कसैको व्यक्तिगत र राजनीतिक स्वतन्त्रतामा रोक लगाउने होइन, व्यवस्थापकीय पक्षमा दलीय प्रभाव र व्यक्तिगत स्वार्थबाट मुक्त राख्ने हो । यसो गर्न सकियो भने दलीय हस्तक्षेपबाट शिक्षा क्षेत्र गिजोलिन बन्द हुन्छ। दलीय निगाहमा नियुक्ति र पदोन्नति हुन रोकिन्छ। दक्ष र जाँगरिला शिक्षकको मनोबल बढ्छ, कमजोर र अल्छीलाई सुधार हुन दबाब पर्छ । दलीय र व्यक्तिगत स्वार्थका उद्देश्यले विद्यालय व्यवस्थापन समिति हत्याउने प्रवृत्ति पनि किनारा लाग्छ । असल नियतले काम गर्नेले अवसर पाउँछ । उपलब्ध साधनस्रोतको न्यायोचित वितरण र प्रभावकारी उपयोग बढ्दै जान्छ ।

**अर्थपूर्ण योजना र कार्यान्वयन**

शिक्षा क्षेत्रमा सरकारी योजना नाम मात्रको छ । विद्यालय शिक्षा क्षेत्रको महत्त्वपूर्ण अभिभारा स्थानीय तहले संविधानबाटै पाएको छ । त्यो अभिभारा पूरा गर्ने बलियो योजना छैन । संघीय र प्रदेश सरकारले स्थानीय तहसँग समन्वय र संवाद गर्न सकेका छैनन्। बनेका योजनाको सार्थक कार्यान्वयन हुन सकेको छैन । योजना बनाउँदा सरोकारवालाहरूसँग पर्याप्त छलफल हुँदैन । कर्मचारीहरू हाबी हुन्छन् । आफैले बनाएको योजना कार्यान्वयन नगरे वा कार्यान्वयनबाट अपेक्षित नतिजा नआए पनि उत्तरदायित्व लिन नपर्ने अवस्था छ । सरोकारवालाहरूको व्यापक छलफलबाट सार्थक योजना, सार्थक कार्यान्वयन र उत्तरदायित्व आजको आवश्यकता हो । राष्ट्रिय ढाँचामा स्थानीय परिवेश अनुकूल लचकता हाम्रो शिक्षाको न्यूनतम साझा प्राथमिकता निर्माण गर्नु आवश्यक छ। यसबाट तत्कालै गर्नुपर्ने न्यूनतम काम पहिचान हुन्छ । शिक्षाको माध्यम भाषाबारे राष्ट्रिय नीति के हो? अंग्रेजी माध्यम भाषाको सीमा के हो? कुन विषय किन नेपाली भाषामा पढाउने? कुन किन अंग्रेजी भाषामा पढाउने? निजी स्कुल सञ्चालन गर्दाका अनिवार्य सर्तहरू केके हुन्? सामुदायिक र निजी स्कुलबीच शैक्षिक समन्वयका लागि के के गर्नुपर्छ? यस्ता प्रश्नहरूमा अल्पकालीन र दीर्घकालीन रूपमा प्रस्ट नीति हुन आवश्यक छ । विद्यालय शिक्षाको राष्ट्रिय ढाँचा र योजनामा स्थानीय तहको परिवेश अनुकूल लचकता हुनुपर्छ। स्थानीय तहले स्थानीय आवश्यकता पूरा गर्दै शिक्षाको राष्ट्रिय ढाँचामा योगदान गर्ने अवसर हुनुपर्छ । **शैक्षिक गुणस्तरको व्यावहारिक पक्ष :** पाठ्यक्रमको व्यापक दायरा र गुणस्तरीय शिक्षा समानार्थी जस्तो भएको छ। यसले एकातिर विद्यार्थीमाथि अनावश्यक दबाब सिर्जना भएको छ, अर्कातिर गुणस्तरीय शिक्षाको पाटो ओझेलमा परेको छ । गुणस्तरीय शिक्षासम्बन्धी गलत बुझाइबाट विद्यार्थीहरू जीवनोपयोगी सीप विकासको अवसरबाट विमुख छन् । उनीहरूमा समाज, संस्कृति र स्थानीय सम्भावनाहरू व्यावहारिक रूपमा केलाउने क्षमता कमजोर छ । यस्तो अवस्था अन्त्य गर्न दीर्घकालीन रणनीति र सार्थक कार्यान्वयन चाहिन्छ ।

**व्यावहारिक सिकाइ :**

अहिलेको विद्यालय शिक्षामा न्यूनतम सिकाइ उपलब्धि सम्बन्धी बुझाइ निकै धमिलो छ । कुन उमेर समूहका विद्यार्थीलाई के पढाउने र के नपढाउने, ९-१० कक्षामा पढाउने पाठ्यवस्तु ४-५ कक्षादेखि नै किन घोकाउने? व्यावहारिक सिकाइ कसरी प्रवर्द्धन गर्ने? आन्तरिक मूल्यांकनमा शिक्षकलाई कसरी जिम्मेवार बनाउने? यी प्रश्नहरू यथोचित ढंगले समाधान हुनुपर्छ। कक्षाकोठामा गरिएको मूल्यांकन विश्वसनीय हुनुपर्छ । शिक्षण र मूल्यांकनमा शिक्षकलाई व्यावसायिक बनाउनुपर्छ । शिक्षकलाई अवैज्ञानिक तरिकाले थोपरिएको पाठ्यक्रम पूरा बाध्यताबाट बाहिर निकालेर विद्यार्थीको प्रभावकारी सिकाइमा लाग्ने शैक्षिक वातावरण बनाउनुपर्छ । पाठ्यक्रमको उद्देश्य परिवेश अनुकूल र व्यावहारिक हुनुपर्छ । उल्लिखित सुधारका लागि राजनीतिक इच्छाशक्ति, नीति निर्माताको दूरदृष्टि र समुदायको सहयोग आवश्यक पर्छ । शिक्षामा स्रोत बढाउनुपर्छ र सिकाइ व्यावहारिक बनाउनुपर्छ । हालका केही अव्यावहारिक नीति पुनरवलोकन गर्नुपर्छ । दस्तावेजमा देखाउने मात्र नभई कार्यान्वयनका लागि नीति हुनुपर्छ । यस दिशामा अविलम्ब कदम चाल्नुपर्छ । सबै सम्भावना र समस्या मिहिन ढंगले केलाएर नीति बनाउनुपर्छ । विद्यालय शिक्षामा नाफामुखी प्रवृत्ति निरूत्साहित गर्दै दीर्घकालीन रूपमा गैरनाफामूलक शैक्षिक संस्थामा रूपान्तरण गर्न अहिले नै पहल थाल्नुपर्छ । समस्या समाधानका निम्ति तीनै तहका सरकारको काममा समन्वय आवश्यक छ ।***-सेतोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**

- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**

- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**

- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक कार्यहरुमा रुचि बढ्नेछ। रोजगारको नयाँ अवसर मिल्नेछ। | **तुला** : धार्मिक सम्मेलनमा सहभागी हुने अवसर हुनेछ । यात्रामा कष्ट हुन सक्ला। |
| **वृष** : आत्मविश्वासमा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । | **वृश्चिक** : आफ्नो स्वास्थ्यमा ध्यान राख्नुहोस् । काममा बाधा आउनेछ। |
| **मिथुन** : भाइबहिनीको सफलताले मनमा खुशी मिल्नेछ । | **धनु** : वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। सरकारी काममा बाधा आउनेछ । |
| **कर्कट** : पारिवारिक सद्भावमा कमी आउनेछ । सामाजिक प्रतिष्ठा बढ्नेछ । | **मकर** : भावुकतामा आएर निर्णय नलिनुहोला । कार्यक्षेत्रमा उन्नति हुनेछ। |
| **सिंह** : नयाँ पहिरन र स्वादिष्ट भोजनको आनन्द मिल्नेछ । | **कुम्भ** : शेयर मार्केटबाट लाभ मिल्नेछ। नयाँ कार्य प्रारम्भ गर्नको लागि रूपरेखा बन्नेछ। |
| **कन्या** : व्यर्थको कार्यमा आफ्नो ऊर्जा र समय व्यतित नगर्नुहोला । | **मीन** : वरिष्ठ व्यक्तिहरूको साथ सहयोग मिल्ला । |

# शिक्षा

## शिक्षामन्त्रीले ६ महिनामा के–के गरिन् ?



एमाले नेतृ विद्या भट्टराई शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बनेको ६ महिना पुगेको छ । उनले गत असार ३१ गते उक्त मन्त्रालय सम्हालेपछि यस अवधिमा विभिन्न काम गरेको सुनाएकी छन् । मन्त्री भट्टराईले अघिल्ला मन्त्रीका पालामा भएका कामलाई निरन्तरता दिँदै त्यसलाई सम्पन्न गरेकी छन् । आफ्नो कार्ययोजनाका केही काम सम्पन्न भएको उनको भनाइ छ । ६ महिनामा धेरै गर्न नसकिने भए पनि राम्रो नतिजा दिने गरी काम भइरहेको उनले बताइन् । मन्त्री भट्टराईले शिक्षा पत्रकार सञ्जाल (इजोन)ले आयोजना गरेको साक्षात्कार कार्यक्रममा ६ महिनामा गरेका कामबारे जानकारी दिएकी हुन् । मन्त्री बन्दै पहिलो निर्णय विद्यालयमा स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने भन्ने थियो । मन्त्रालयले सोही आधारमा निर्देशिका बनाएर स्थानीय तहहरूलाई उक्त कार्यक्रम सञ्चालन गर्न भनेको छ । कतिपय पालिकाले यसअघि नै स्थानीय उत्पादनमा आधारित खाजा खुवाउँदै आएका थिए । मन्त्रालयले नै निर्देशिका तयार पारेपछि धेरै पालिकाले स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम सुरु गरेको उनको भनाइ छ । सरकारले दिवा खाजाका लागि प्रतिविद्यार्थी १५ रुपैयाँ उपलब्ध गराउँदै आएको छ ।उनले विदेशी विश्वविद्यालयबाट सम्बन्धनप्राप्त नेपाली कलेजको नियमन गरेकी छन् । हाल देशभर रहेका ५९ कलेजमध्ये १४ वटाले मात्रै मापदण्ड पूरा गरेका पाइएको छ । तीबाहेक कलेजलाई मापदण्ड पूरा गर्न एक वर्षको समय दिन कार्यदलले सुझाएको छ । त्यही सुझावका आधारमा मन्त्रालयले निर्देशिका बनाउँदै छ । माघ पहिला हप्ताभित्र निर्देशिका फाइनल हुने उनको भनाइ छ । मन्त्री भट्टराईले शैक्षिक परामर्श संस्था (कन्सल्टेन्सी)को लामो समयदेखि हुन नसकेको नवीकरण गराएकी छन् । प्रदेश सरकारसँग समन्वय गरी अघि बढ्नुपर्ने भएकाले मन्त्रालयले सहजीकरण गर्दै आएको छ । पहिलो चरणमा कोसी प्रदेश सरकारसँग छलफल चलाइएको छ । सरकारले त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन गर्न समिति बनाएको थियो । उक्त समितिले आफ्नो प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको छ । समितिको काम अझै बाँकी रहेकाले अहिलेको प्रतिवेदन सार्वजनिक गरी बाँकीका लागि अर्को कार्यदल बनाउने गरी काम भइरहेको मन्त्री भट्टराईको भनाइ छ । नेपाल संस्कृति विश्वविद्यालयको जग्गा खोजबिनबारे पनि प्रतिवेदन पेस गरेको छ । यसलाई अझै व्यवस्थित गर्दै कार्यान्वयन गर्नुपर्ने उनले बताइन् ।

उनले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयन गर्न कार्ययोजना बनाएकी छन् । उक्त ऐन २०७५ सालमा बने पनि कार्यान्वयनमा आउन सकेको थिएन । उनले संविधानले दिएको मौलिक हक कार्यान्वयन गराउने उल्लेख गर्दै उक्त ऐन कार्यान्वयन गर्नुपर्ने दायित्व राज्यको रहेको बताइन् । मौलिक हक कार्यान्वयनको काम गर्नुपर्छ भनेर २०८३ सालसम्मको कार्ययोजना बनाएको उनको भनाइ छ । मन्त्रालयले कार्ययोजना कार्यान्वयन गर्न नीति अनुसन्धान प्रतिष्ठानसँग सुझाव माग गरेको थियो । प्रतिष्ठानको सुझावका आधारमा कार्ययोजनालाई अन्तिम रूप दिइएको मन्त्री भट्टराईले सुनाइन् । उनका अनुसार विद्यालय तहमा कक्षा ९ र ११ मा रजिस्ट्रेसन शुल्क लिने व्यवस्था हटाइएको छ । आगामी वर्षदेखि कक्षा ९ मा मात्रै रजिस्ट्रेसन फाराम भर्ने व्यवस्था मिलाइने भएको छ । त्यसबापत कुनै पनि शुल्क नलिइने मन्त्री भट्टराईले बताइन् । त्रिभुवन विश्वविद्यालयमा प्रश्नपत्र अंग्रेजी र नेपाली दुवै भाषामा सोध्ने व्यवस्था गरिएको उनको भनाइ छ । विश्वविद्यालयका पदाधिकारी भने त्यसलाई मान्न तयार थिएनन् । एउटा भाषामा केन्द्रित हुन नहुने बताउँदै उनीहरू प्रश्नपत्र नेपालीमा पनि सोध्ने व्यवस्था गर्न नहुने पक्षमा थिए । मन्त्री भट्टराईले प्रश्नपत्र बुझ्न नसक्दा विद्यार्थीले उत्तर लेख्न नसकेको र त्यसले विद्यार्थीको भविष्यमाथि नै खेलबाड गर्ने कार्य भएकाले दुवै भाषामा सोध्नुपर्ने तर्क गरेकी थिइन् । त्यसपछि त्रिवि कार्यकारी परिषद्ले दुवै भाषामा प्रश्नपत्र तयार पार्ने निर्णय गरेको हो । उनका अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को बैठक बसेर २२ शिक्षण संस्थालाई एलवाई दिने निर्णय गरिएको छ । परिषद्को बैठक लामो समयदेखि बस्न सकेको थिएन । ४३ कलेजलाई सम्बन्धन दिने निर्णयसमेत गरिएको छ । पाठ्यक्रम र परिषद्कै पुनःसंरचना गर्न विभिन्न कार्यदल गठन गरेर काम अघि बढिरहेको उनले बताइन् । उनका अनुसार शिक्षकलाई उपचार खर्चमा छुट दिने व्यवस्था गर्न लागिएको छ । त्यसको प्रक्रिया अन्तिम चरणमा पुगेको छ । स्वास्थ्य मन्त्रालयबाट राय-सुझाव माग गरिएको छ । स्वास्थ्य शिक्षालाई अनिवार्य बनाउने विषयमा गृहकार्य भइरहेको छ । हाल यो ऐच्छिक विषयका रूपमा पठनपाठन हुने गरेको छ । अब अनिवार्य रूपमा नै पठनपाठन गराउने गरी निर्णय गरिएको उनको भनाइ छ । उनका अनुसार बीएससी सीएसआईटी पढेका विद्यार्थीलाई इन्जिनियरिङ विषय पढाउन पाउने व्यवस्था पनि गर्न लागिएको छ । अहिले सीएसआईटी पढेका विद्यार्थीले इन्जिनियरिङ पढाउन पाउँदैनन् । राष्ट्रिय परीक्षा बोर्डमा छुट्टाछुट्टै काम हुने गरेको छ । कक्षा १० र १२ को छुट्टाछुट्टै काम गर्दै आएका छन् । यसलाई एउटै बनाउने गरी काम भइरहेको उनले बताइन् । उनका अनुसार कक्षा १२ को परीक्षा बोर्डले गराउने र कक्षा १० को परीक्षा प्रदेशमार्फत गराउने गरी काम भइरहेको छ । उनका अनुसार उच्च शिक्षा विधेयक बनाउने प्रक्रियामा छ । कानुन आयोगबाट उच्च शिक्षालाई नियमन गर्न बनेको विधेयक भनेर राय आएको छ । सोही आधारमा विधेयक अघि बढेको उनको भनाइ छ । विद्यालय शिक्षा विधेयकमा दफावार छलफल चलिरहेको छ । त्यसमा समिति र सरकारबिच निरन्तर संवाद चलिरहेको उनले सुनाइन् । शिक्षक सरुवा कार्यविधिसमेत बनेको तर यो विषय अदालतमा विचाराधीन रहेको उनले बताइन् । जसकारण यसमा आफूले केही नगरेको उनको भनाइ छ । पाठ्यक्रम विकास केन्द्रको बैठक बसेर विभिन्न निर्णय गरिएको छ । बैठकमा इतिहास र वातावरणको पाठ्यक्रमलाई स्वीकृत गर्नुपर्ने भन्ने थियो । तर, वातावरण र इतिहासलाई कसरी समयसापेक्ष बनाउने भन्ने विषयमा थप अध्ययन जरुरी रहेकाले तत्काल स्वीकृत नगरिएको उनले बताइन् । विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित तीन विधेयकसमेत अघि बढाइएको उनको भनाइ छ । *-रातोपाटी डटकम*

## शिक्षाविद् डा. कायस्थको शालिक निर्माण



शिक्षाविद् डा. राधेश्याम कायस्थको शालिक निर्माण गरिएको छ । तत्कालीन पृथ्वीनारायण क्याम्पसका सहायक क्याम्पस प्रमुख तथा न्यू ग्यालेक्सी माविका संस्थापक प्रिन्सिपलसमेत रहेका कायस्थको विद्यालय परिसरमा शालिक निर्माण गरिएको हो ।शनिबार एक कार्यक्रमका बीच शिक्षाविद् जर्ज जोनले डा. कायस्थको शालिक अनावरण गरे । कायस्थको स्मरणमा विद्यालय परिसरमा शालिक निर्माण गरिएको हो । विस १९९९ कात्तिक ३ गते पचभैयामा जन्मिएका कायस्थको २०७७ पुस २७ गते स्वर्गारोहण भएको थियो । करिब १० लाखको लागतमा शालिक निर्माण गरिएको विद्यालयका संस्थापक निर्देशक राजु कायस्थले जानकारी दिए ।लामो समय शिक्षा क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका कायस्थलाई शालिक अनवरणमा सबैले स्मरण गरे ।

कार्यक्रममा शिक्षाविद् जर्ज जोनले कायस्थलाई शिक्षाको नक्षत्रको रुपमा स्मरण गरे । 'उहाँसँग मलाई करिब ६४ वर्षसम्म काम गर्ने अवसर मिल्यो, उहाँको शिक्षाप्रतिको लगावले मलाई निकै नै प्रभावित पार्थ्यो', शिक्षाविद् जोनले भने, 'उहाँलाई समकक्षीले मात्रै होइन विद्यार्थीले पनि औधी रुचाउथे ।'कायस्थले देखाएको बाटोलाई हामीले अवलम्वन गर्न सकेमात्र उहाँप्रति सच्च श्रद्धाञ्जली हुने उनको भनाइ थियो । समकक्षी प्राडा उत्तमकृष्ण कर्मचार्यले कायस्थको योगदानलाई नेपालमा मात्रै होइन अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरिनुपर्नेमा जोड दिए ।'हामीसँगै त्रिचन्द्र कलेजमा पढ्ने अवसर जुरेको थियो, उहाँको संगत मलाई अहिले पनि प्रेरणा बनेको छ', कर्मचार्यले भने, 'उहाँको योगदनका विषयमा हामी सबैले आआफ्नो तर्फबाट चर्चा गरी नयाँ पुस्तालाई सिकाइको विषय बनाउनु पर्दछ ।' हिसानका केन्द्रीय उपाध्यक्ष तथा कायस्थका विद्यार्थी बाबराम पन्तले नेपाल सरकारले नसकेका काम प्राइभेट सेक्टरले परिपूरकका रुपमा रहेर आम नागरिकलाई सेवा दिनुपर्छ भन्ने उनको भनाइ अहिले आएर पुष्टि भएको उल्लेख गरे । एनप्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले कायस्थ शैक्षिक क्षेत्रको धरोहरको रुपमा रहेको उल्लेख गरे । कायस्थ सर पुस्तकका लेखक रवीन्द्र माकाजूले कायस्थका तर्कसंगत र विज्ञानसम्मत प्रवचनले आधुनिक वैज्ञानिक पण्डित भन्ने गरेको बताए । कार्यक्रममा पोखरा-३ का वडाध्यक्ष प्रकाशमान उदास, डा. वसन्तकुमार ताम्राकार, पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक मीनराज लम्साल, शिवशक्ति क्याम्पस सञ्चालक समिति अध्यक्ष टुवराज बास्तोलालगायतले बोलेका थिए । कार्यक्रममा डा. राधेश्याम कायस्थकी नातिनी आरोही कायस्थले कविता वाचन गरेकी थिइन् । न्यू ग्यालेक्सी माविकी संस्थापक लक्ष्मीमाया कायस्थको अध्यक्षतामा भएको कार्यक्रममा प्राचार्य डा. रामजी शर्माले स्वागत तथा विद्यालयका सहायक प्राचार्य राजेश भण्डारी र विद्यार्थी संयोजक धनप्रसाद श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए ।*-हाम्राकुरा डटकम*

## उच्च शिक्षा विधेयक कानुन आयोगमा

उच्च शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक कानुन आयोग पुगेको छ । विधेयकमा भएका प्रावधानमा विरोध भएपछि कानुन मन्त्रालयबाट फिर्ता भएको थियो । 'विधेयकलाई थप परिस्कृत गर्न कानुन आयोग पठाइएको छ,' शिक्षा मन्त्रालयका उपसचिव पिताम्बर भण्डारीले भने । कानुन मन्त्रालयबाट फिर्ता भएपछि शिक्षा मन्त्रालयले विधेयकमाथि राय सुझाव मागेको थियो । उपसचिव भण्डारीका अनुसार राय सुझावसहित विधेयक कानुन आयोग पठाइएको हो । बुद्धिजिवी, विश्वविद्यालयका पदाधिकारी, कर्मचारी, विद्यार्थी, राजनीतिक दलमा आबद्ध व्यक्ति, सरकारी/सार्वजनिक तथा निजी क्षेत्रमा कार्यरत कर्मचारी, व्यवस्थापक, उद्यमी तथा शिक्षासँग मन्त्रालयले राय सुझाव मागेको थियो । आयोगले विधेयकमाथि थप छलफल गरिरहेको बताएको छ । 'मस्यौदा आएको छ । दुई तीन पटक आयोगमा छलफल भयो । थप अध्ययन गरिरहेका छौं । अब खुला छलफलमा लैजान्छौं,' आयोगका प्रवक्ता गंगाबहादुर खरेलले भने, 'शिक्षा मन्त्रालयसँग समन्वय गरेर विधेयकमा काम गरिरहेका छौं ।'मस्यौदामा नेपालमा केन्द्रीय, प्रदेश र मानित गरी तीन प्रकारका विश्वविद्यालय कल्पना गरिएको छ । हाल सञ्चालनमा रहेकामध्ये त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयमा राखिएको छ । त्रिभुवन विश्वविद्यालयलाई भने ऐतिहासिक पृष्ठभूमि, नेपालको उच्च शिक्षा क्षेत्रमा भएको योगदान, संस्थागत क्षमता र प्राज्ञिक उन्नयनको आधारमा त्रिभुवन विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा प्रस्ताव गरेको छ । अन्य विश्वविद्यालयलाई भने पाँच वर्षभित्र केन्द्रीय विश्वविद्यालयको रूपमा स्तरोन्नति हुन नसके प्रदेश विश्वविद्यालयमा घटुवा हुने प्रावधान प्रस्ताव गरिएको छ । विधेयकको मस्यौदामा प्राज्ञिक उत्कृष्टताको केन्द्रका रूपमा वर्गीकृत विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने व्यवस्था गरिएको छ । केन्द्रीय विश्वविद्यालयको कुलपति वा सभापति शिक्षामन्त्री र प्रदेश विश्वविद्यालयको कुलपति मुख्यमन्त्री रहने व्यवस्था छ । गैरनाफामूलक विश्वविद्यालयमा भने बोर्ड अफ ट्रस्टिजको प्रमुख सभापति वा चेयरमेन हुनेछ । मस्यौदाले शिक्षामन्त्रीको अध्यक्षतामा उच्च शिक्षा आयोगको परिकल्पना गरेको छ । मुलुकको उच्च शिक्षा व्यवस्थापन गरी उच्चस्तरीय मानव संशाधनको आवश्यकता परिपूर्तिका लागि उच्च शिक्षाको नियामक निकायका रूपमा एक उच्च शिक्षा आयोग रहने उल्लेख गरिएको छ । सात सदस्यीय सदस्यसहितको आयोगमा दुई जना महिला अनिवार्य रहने व्यवस्था गरेको छ । मस्यौदामा केन्द्रीय विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवा गर्न एक विश्वविद्यालय सेवा आयोग रहने परिकल्पना गरिएको छ ।

**विधि विज्ञान प्रयोगशाला विधेयक संसदमा :**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयल बनाएको विधि विज्ञान प्रविधि विधेयक राष्ट्रिय सभामा दर्ता भएको छ । शिक्षामन्त्री विद्या भट्टराईका अनुसार विधेयक राष्ट्रिय सभामा दर्ता भएको हो । राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षणका लागि प्राप्त वस्तुलाई वैज्ञानिक विधि र पद्धतिको प्रयोगद्वारा प्रमाणको संकलन, विश्लेषण तथा परीक्षण गरी न्याय सम्पादनमा सहयोग पुऱ्याउन यो विधेयक ल्याइएको मन्त्री भट्टराईले बताइन् । वैज्ञानिक विधि र पद्धतिको प्रयोगद्वारा प्रमाणको संकलन, विश्लेषण तथा परीक्षण गरी न्याय सम्पादनमा सहयोग पुऱ्याउन विधेयक ल्याएका हौं, उनले भनिन्, 'फरेन्सिक, डीएनए,लागूऔषध जाँचको प्रमाण दिन अृठयारो थियो । यो विधेयकले सहज हुन्छ ।'सोमबार राष्ट्रिय सभामा पुगेको विधेक मंगलबार दर्ता भएको हो ।

**पाँच वटा विधेयक पाइप लाइनमा :** शिक्षा मन्त्रालयको पाँच वटा विधेयकको मस्यौदा तयार भएको छ । मन्त्रालयका अनुसार राष्ट्रिय योग्यता प्रारूप विधेयकको मस्यौदा तयार भएको छ । अनौपचारिक सिपलाई योग्यतामा जोड्ने गरी विधेयकको मस्यौदा तयार भएको छ ।

घरमा कपडा सिलाएको होस् या काठको काम गरेको होस् त्यसलाई पनि योग्यतामा समावेश गरिने मन्त्रालयले जनाएको छ । रासायनिक पदार्थसम्बन्धी विधेयकको पनि मस्यौदा मन्त्रालयले बनाएको छ । रासायनिक पदार्थ कति आयत गर्ने कसरी नियमन गर्ने भन्ने विषय यो विधेयकमा समावेश गरिएको छ । नवप्रर्वदक (स्टार्ट अप) विधेयकको पनि मस्यौदा मन्त्रालयले बनाएको छ । एकीकृत स्वास्थ्य शिक्षासम्बन्धी विधेयक र प्राविधिक शिक्षा तथा व्यावसायिक विधेयकको मस्यौदा पनि मन्त्रालयले बनाइरहेको छ ।

**खवप विश्वविद्यालय विधेयक मन्त्रालयमा फिर्ता :**
खवाप विश्वविद्यालय विधेयक भने मन्त्रिपरिषद्बाट शिक्षा मन्त्रालयमा फिर्ता आएको छ । प्रधानमन्त्री कार्यालयको विधेयक शाखामा यो विधेयकमाथि छलफल भएको थियो । तर, केही बुँदामा विवाद भएपछि मन्त्रालयमै फिर्ता आएको हो । विधेयकमा विश्वविद्याय पालिका प्रमुखकको अध्यक्षतामा हुने प्रावधनका कारण फिर्ता भएको हो । हाल उच्च शिक्षा प्रदेश र केन्द्रको माहतह रहँदै आएको छ । तर यो विधेयकमा पालिका प्रमुखको अध्यक्षतामा हुने प्रावधान संविधनभन्दा बाहिर हुने भएकाले थप छलफलका लागि मन्त्रालयमा फिर्ता आएको हो ।

*-अनलाईन खबर डटकम*

## मावि तृतीय श्रेणी शिक्षक छनोटका लागि विज्ञापन




शिक्षक सेवा आयोगले माध्यमिक तह तृतीय श्रेणी शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन खुला गरेको छ । आयोगको पुस २६ गतेको निर्णयानुसार माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाबाट स्थायी पदपूर्तिकालागि आवेदन माग गरेको हो ।

न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले पुस २शिक्षक सेवा आयोगले माध्यमिक तह तृतीय श्रेणी शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन खुला गरेको छ । आयोगको पुस २६ गतेको निर्णयानुसार माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाबाट स्थायी पदपूर्तिकालागि आवेदन माग गरेको हो । *-इडियू खबर*

# प्याब्सन पाल्पामा नयाँ नेतृत्व, अध्यक्षमा पन्त

कृष्ण पोखरेल

**पाल्पा,** पौष २८/निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको नयाँ नेतृत्व चयन भएको छ । प्याब्सन तानसेनमा भएको नवौ अधिवेशनले नयाँ नेतृत्व चयन गरेको हो ।



अधिवेशनले डाँसुराम पन्तलाई अध्यक्षमा निर्विरोध निर्वाचित गरेको छ । गुल्मीका पन्त लामो समय पाल्पामा रहेर शिक्षण पेशामा सक्रिय छन् । उनी न्यू होराइजन मावि तानसेनका प्रिन्सिपल समेत हुन् । यस्तै प्याब्सनको उपाध्यक्षमा अशेष भट्टराई, सचिवमा गंगाबहादुर खत्री, नगर अध्यक्षमा रुपचन्द थापा र कोषाध्यक्षमा दुर्गा प्रसाद बस्याल निर्विरोध निर्वाचित भएका छन् । यसैगरी कार्यसमिति सदस्यहरुमा देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, दिलिप रायमाझी, ताजेन्द्र कुमार थापा, गोपालबहादुर पि.सी र गणेश बस्याल चयन भएका छन् । अधिवेशनको लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री एवं प्याब्सन पूर्व अध्यक्ष खेमबहादुर सारुले सम्बोधन गर्दै गुणस्तरीय, युग सुहाउँदो शिक्षामा प्याब्सनको महत्वपूर्ण योगदान रहेको बताए । सोही अवसरमा प्याब्सनले विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिहरुलाई समेत सम्मान गरेको छ । यसले समाजसेवाबाट पूर्णमाया महर्जन, शिक्षा सेवाबाट पुष्करराज रेग्मी, संस्कृतिकर्मीको तर्फबाट किरण चित्रकार, साहित्यकारको तर्फबाट चोलेश्वर शर्मा, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, उत्कृष्ट विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको तर्फबाट पाल्पा प्यारागन बोर्डिङ् स्कुल व्यवस्थापन समितिका अध्यक्ष जगदीश भट्टराई, सेन कपितानियो स्कुलका अध्यक्ष सागरमान महर्जन, सनराइज बोर्डिङ स्कूलका जनक रिजेल, विजु बोर्डिङ् स्कुलका विरेन्द्रकाजी शाक्य, पूर्ण ज्योति बोर्डिङ् स्कुलका ऋषिराम आचार्य र विभिन्न विद्यालयबाट उत्कृष्ट अंक ल्याउने विद्यार्थी, प्याब्सनसँग सहकार्य गर्ने संघ संस्था तथा व्यक्तिहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, प्याव्सनका केन्द्रीय उपाध्यक्षद्धय आशिष श्रेष्ठ, विष्णु पन्थी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधी लगायतले शुभकामना व्यक्त गर्दै प्याब्सनको योगदानबारे चर्चा गरेका थिए । अधिवेशन प्याव्सन पाल्पाका अध्यक्ष महेशमान बज्राचार्यको अध्यक्षता, उपाध्यक्ष डाँसुराम पन्तको स्वागत र सचिव अशेष भट्टराईको सञ्चालनमा भएको थियो ।

# आजदेखि स्वस्थानी ब्रत...

...उत्तरायणपछिको समय ध्यान योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थानअर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ । स्वस्थानी व्रतकथा महादेव र पार्वतीका साथै तपस्याबाट प्राप्त भएको गुणको व्याख्यामा केन्द्रि त छ । सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेव स्वामी पाउन विष्णुको सल्लाहअनुसार निराहार रहेर स्वस्थानीको व्रत गर्दा आफ्नो मनोकाक्षा पूर्ण भएको र पछि उनले लोक- कल्याणका निम्ति यो व्रतकथा प्रचारप्रसार गराई गरिब तथा दु:खीहरूको उद्धार गरेको कथाका रूपमा यो नेपाली समाजमा प्रचलित छ । यस अवधिभर देशभरका विभिन्न घाट तथा नदीहरुमा पूजाआजा गरेमा पनि मोक्ष मिल्ने धार्मिक विश्वासका साथ ती स्थानमा भक्तजनको घुइँचो लाग्ने गर्दछ । एकतीस अध्याय रहेको स्वस्थानी व्रतकथाको बाह्रौं अध्यायमा श्री स्वस्थानीको महिमाबारे वर्णन गरिएको र श्रद्धापूर्वक श्रीस्वस्थानीको व्रत बसी कथा वाचन तथा श्रवण गरेमा दु:ख तथा रोगव्याधि नाश हुने र मनले चिताएको पुग्ने पार्वती, गोमा र नवराजजस्ता पात्रका माध्यमबाट स्वस्थानीमा देखाउन खोजिएको छ ।


## हार्दिक बधाई तथा शुभकामना



कमलराज तिमिल्सेना
अध्यक्ष



मुक्ति प्रशाद न्यौपाने
उपाध्यक्ष (खुल्ला)



बन्दना पोखरेल
उपाध्यक्ष (महिला)



रामचन्द्र रायमाझी
सचिव



दुर्गेश मल्ल
सह-सचिव (खुल्ला)



दानु बहादुर हिस्की
सह-सचिव (समावेशी)



बिजय पौडेल
कोषाध्यक्ष

नेपाल पत्रकार महासंघ पाल्पाको अधिवेशनबाट हाम्रा शुभेच्छुक, पाल्पाका क्रियाशिल पत्रकारहरु कमलराज तिमिल्सेना महासंघको अध्यक्ष,मुक्तिप्रसाद न्यौपाने, बन्दना पोखरेल उपाध्यक्ष, रामचन्द्र रायमाझी सचिव, दुर्गेस मल्ल, दानबहादुर हिस्की सह-सचिव, विजय बौडेल कोषाध्यक्ष र सदस्हरुमा सुनिल कार्की, हरिबहादुर विक, नेत्र गैरे, दयाराज न्यौपाने, दीपक ढुंगाना, सुशीला रेग्मी, धनबहादुर ठाडा, केन्द्रीय परिषद् सदस्यहरुमा यज्ञमूर्ति तिमिल्सिना, राजेन्द्र लिगल, सीता डोटेल, प्रदेश परिषद् सदस्यहरुमा कृष्ण प्रसाद पोखरेल, दीपक भट्टराई, इमानसिंह राना, पवित्रा घिमिरे निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

प्रेम मल्ल, सचिव एवं मोहन प्रसाद श्रेष्ठ, अध्यक्ष
तानसेन खानेपानी उपभोक्ता समिति
तानसेन,पाल्पा परिवार


खेलकुद समाचार

# आर्मी एलिट कप क्रिकेटको फाइनलमा



**काठमाडौं,** पौष २८/त्रिभुवन आर्मी क्लब जय ट्रफी एलिट कप क्रिकेटको फाइनलमा पुगेको छ । लिग चरणको अन्तिम खेलमा आर्मीले मधेशलाई ८ विकेटले हराउँदै उपाधि नजिकै पुगेको हो । वीरगञ्जमा मधेशले दिएको २८ रनको लक्ष्य आर्मीले २ विकेट गुमाएर भेटायो । आर्मीका तृतराज दासले १३ रन बनाए । मधेशका प्रदीप पासवानले २ विकेट लिए । दोस्रो पारीमा मधेशका मयन यादवले ४९ रन बनाए । आर्मीका बसिर अहमदले ४ विकेट लिए । पहिलो पारीमा आर्मीले २ सय २५ रन र मधेशले १ सय २ रन बनाएको थियो । यस्तै जनकपुरमा भइरहेको खेलमा नेपाल पुलिस क्लबले बाग्मती प्रदेशले दिएको १ सय १६ रनको लक्ष्य पछ्याइरहेको छ । दोस्रो दिनको चिया समयअघिसम्म पुलिसले ३ विकेट गुमाएर ८७ रन बनाएको छ । दोस्रो पारीमा बाग्मतीका शुभ कंसाकरले ७०, रित गौतमले ५२ रन बनाए । पुलिसका ललित राजवंशीले ३ विकेट लिए । पहिलो पारीमा बाग्मतीले १ सय १२ रन र पुलिसले २ सय १५ रन बनाएको थियो । जय ट्रफी एलिट कप क्रिकेटको फाइनल खेल मंगलबार हुनेछ । वीरगञ्जमा हुने फाइनल खेल तीन दिन हुनेछ ।


**वर्गिकृत डिस्प्ले**
*१X५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


अर्थ /कर्पोरेट समाचार

# नेप्से २५ अंकले घट्यो कारोबारमा पनि गिरावट



**पाल्पा,** पौष २८/साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक घटेको छ । आइतबार नेप्से २५ दशमलव ४१ अङ्कले घटेको हो । अघिल्लो दिनको तुलनामा ० दशमलव ९६ प्रतिशतले घटेर समग्र नेप्से २ हजार ६ सय ९ दशमलव ६७ बिन्दुमा पुगेको छ । गत बिहीबार नेप्से १८ अंकले घटेको थियो । उक्त दिन कारोबारमा आएकामध्ये ४४ वटा कम्पनीको सेयरमूल्य बढ्यो, १९३ वटाको घट्यो भने बाँकी ६ वटा कम्पनीको स्थिर रहयो । ४६ हजार ६ सय १४ पटकको कारोबारमा ८० लाख २१ हजार ६ सय ३१ कित्ता सेयर किनबेच भए । ती किनबेचमा करिब ४ अर्ब रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो कारोबार दिनको तुलनामा कारोबार रकम घटेको हो । गत बिहीबार ७ अर्ब ३० करोड रुपैयाँबराबरको सेयर कारोबार भएको थियो । तीन सय एक कम्पनीको ८० लाख ८१ हजार छ सय ३१ कित्ता शेयर ४६ हजार छ सय १४ पटक खरिदबिक्री हुँदा कारोबार रकम तीन अर्ब ९९ करोड ७९ लाख नौ हजार तीन सय २३ मा खुम्चिएको छ । सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी वित्त समूह तीन दशमलव ६० र विकास बैंक समूह एक दशमलव ६० प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८६, होटल तथा पर्यटन शून्य दशमलव ७७, जलविद्युत् एक दशमलव ४४, लगानी शून्य दशमलव ३९ र जीवन बिमा समूह शून्य दशमलव १२ प्रतिशतले घटेको छ । उत्पादन तथा प्रशोधन एक दशमलव ३६, लघुवित्त शून्य दशमलव ८७, म्युचुअल फण्ड शून्य दशमलव ४२, निर्जीवन बिमा शून्य दशमलव ७३, व्यापार शून्य दशमलव १० र अन्य समूह शून्य दशमलव ६० प्रतिशतले घटेको छ । कारोबारमा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको २० करोड ४१ लाख ५३ हजार आठ सय ७२ को कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी सिङ्गटी हाइड्रोइनर्जी लिमिटेडको छ लाख ३६ हजार आठ सय चार कित्ता शेयर किनबेच भएको छ ।

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमा:

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन । त्यस्ता कार्य कानूनत: दण्डनीय हुन्छन् ।



नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई